**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

## अधिकतम खुद्रा मूल्य (MRP) तथा लेबल सम्बन्धी अत्यन्त जरुरी सूचना

बजारमा वस्तुको मूल्यमा पारदर्शिता कायम गरी उपभोक्ताको अधिकार सुनिश्चित गर्न सबै सरोकारवालाहरूले देहायका जिम्मेवारीहरू अनिवार्य पालना गर्नुहुन गराउनुहुन अनुरोध गरिन्छः

१. **आयातकर्ताको दायित्वः** विदेशबाट आयात गरिने वस्तुको भन्सार बिन्दुमै अधिकतम खुद्रा मूल्य (MRP) उल्लेख भएको आयातकर्ताको विवरण सहितको लेबल लगाउनुपर्ने। उक्त व्यवस्था कार्यान्वयनका लागि नियमन एवम् सहजीकरण गर्न भन्सार विभागसँग अनुरोध गरिएको छ ।

२. **उत्पादकको दायित्वः** उद्योगले वस्तु उत्पादनकै क्रममा प्याकेजिङमा मूल्य, ब्याच नम्बर, तौल र म्याद स्पष्ट देखिने गरी स्थायी लेबल राख्नुपर्ने। उक्त व्यवस्था कार्यान्वयनका लागि नियमन एवम् सहजीकरण गर्न उद्योग विभागसँग अनुरोध गरिएको छ ।

३. **बिक्रेता (थोक तथा खुद्रा) को दायित्वः** स्पष्ट लेबल र अधिकतम खुद्रा मूल्य (MRP) उल्लेख नभएका कुनै पनि सामान खरिद बिक्री नगर्ने नगराउने । कुनै पनि बहानामा लेबलमा उल्लेखित मूल्य (MRP) भन्दा **बढी रकममा बिक्री वितरण नगर्नु नगराउनुहुन।**

४. **उपभोक्ताका लागि विशेष सन्देशः** कुनै पनि वस्तु खरिदअघि अनिवार्य रूपमा **अधिकतम खुद्रा मूल्य (MRP), उपभोग गरिसक्नुपर्ने म्याद** लगायतका विवरण हेरेर मात्र खरिद गर्ने बानी बसाल्नुहुन अनुरोध गरिन्छ।

५. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ बमोजिम सबै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरूलाई आ-आफ्नो क्षेत्रमा बजार अनुगमनको लागि निरीक्षण अधिकृतको जिम्मेवारी तोकी अख्तियारी प्रदान गरिएको छ । सोही बमोजिम **स्पष्ट लेबल र अधिकतम खुद्रा मूल्य (MRP) लक्षित** बजार अनुगमन गर्नु गराउनुहुन अनुरोध गरिन्छ ।

**साथै** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट खटिएको बजार अनुगमन टोलीले अधिकतम खुद्रा मूल्य (MRP) कार्यान्वयन लक्षित अनुगमन कार्यलाई तीव्रता दिएको छ। सबै व्यवसायीहरूलाई अनिवार्य **अधिकतम खुद्रा मूल्य (MRP)** को व्यवस्था कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध गरिन्छ। अनुगमनका क्रममा अधिकतम खुद्रा मूल्य (MRP) सहितको लेबल नभएको वा बढी मूल्य लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने बेहोरा अनुरोध छ ।

मितिः २०८२।१२।२६

**प्रवक्ता**
वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग